# नयाँ समाजवादी ध्रुविकरणका आधारहरु

## १. बिषय प्रवेश

शितयुद्धताका दुई धुब्रमा विभाजित विश्व राजनिति बहु ध्रुविय चरण हुँदै २१ औं शताब्दीको शुरुवातसँगै पनुः ध्रुविकरणको कसरतमा रहेको छ । शक्तिशाली राष्ट्रहरु आफू केन्द्रित बलियो धुब्र निमार्ण गर्न उद्धत छन् । विश्व अर्थतन्त्रमा पनि यो प्रतिबिम्बित हुन थालेको छ र बिभिन्न संरचनागत समस्याहरु देखिएका छन् । लामो ईतिहास रहेको पुँजीबाद आफै संकटग्रस्त छ भने बिभिन्न प्रयोग, परम्परा र शब्दहरु प्रयुक्त समाजवाद छोटो समयमै मै बिभिन्न कारणले छिन्नभिन्न हुन पुग्यो । अहिले नव उदारवादमा रुपान्तरित पुँजीबादका नयाँ सस्करणहरु देखिन थालेका छन् । साथै असफल रहेको पुरानो शास्त्रीय समाजवाद पुर्नजागरणको पर्खाइमा छ । युटोयिएन समाजवाद, फेबियन समाजवाद, वैज्ञानिक समाजवाद, बोलीभारिएन समाजवाद, उदार समाजवाद, प्रजातान्त्रिक समाजवाद, गान्धीयन समाजवाद, राष्ट्रिय समाजवाद, आदि जस्ता नामबाट चर्चामा रहने समाजवाद पछिल्लो समय स्थानीय विशेषतामा आधारीत देश सुहाउँदो समाजवादका विभिन्न स्वरुपहरु पनि चर्चामा रहेका पनि छन् । जस्तै चिनियाँ विशेषताको समाजवाद पछिल्लो दृष्टान्त मान्न सकिन्छ ।

अर्थ-राजनैतिक क्षेत्रमा विगत शताब्दीका स्थापित विचारधाराहरु अभूतपूर्व संकटमा देखिनु एबं विश्व नै नयां वैचारिक संकट र राजनैतिक संक्रमणको युगमा आइपुग्नु जस्ता अनुभवले वैचारिकरुपमै अझै समृद्ध नयां चिन्तन तथा विश्लेषण पद्धतिको खोजीको औचित्य सावित गरिसकेको छ । एकाइशौ शताब्दीसम्म आईपुग्दा विश्वमा पुँजीवादी नवउदारवाद र परम्परागत केन्द्रीकृत समाजवादभित्र देखिएका अभुतपूर्व संकटहरु हामीले देखी भोगी सकेका छौ । नवउदारवादी संकटले समाजमा धनी र गरीव बीचको खाडल तीब्ररुपमा बढाएको छ भनें वेरोजगारी डरलाग्दोरुपमा बढ्दै गएकोछ । उदारवाद एबं पूँजीवादका विकृत स्वरुपहरु नवउदारवाद, उपभोक्तावाद, आसेपासेवाद, लोकरिझ्याई र प्रचारवाद देशभक्ति बिनाको उग्र राष्ट्रवादको भ्रममा हुर्कने सर्बसत्तावाद पछिल्ला राजनैतिक ट्रेण्डहरु रहेका छन् । अर्कोतर्फ पूँजीवादको विकल्पको रुपमा मानिएको मानव श्रम र राज्य स्वामित्वमा आधारित पुरानो समाजवादमा मौलाएको केन्द्रीकृत एवं राज्य नियन्त्रित ढाँचाले नोकरशाही एबं अधिनायकवादी स्वरुप ग्रहण गर्दै विघटन भैसकेको हुंदा पुरानो समाजवादको भाष्य र प्रारुप फेर्नु आवश्यक भएको छ ।

## २.समाजवादको नयां वहस

इतिहासका परिघटनाहरुबाट पाठ सिक्दै २१ औं शताब्दीको ज्ञान विज्ञानमा आधारित समुन्नत समाजवादको प्रारुप र राजनैतिक स्वरुप बारे बहस जरुरी भएको छ । फेरिएको आन्तरिक र वाह्य आधारहरुमा समाजको पुर्नगठन निरन्तर हुंदैछ, विज्ञान प्रविधिको विकासका कारण उत्पादन तथा श्रम

सम्बन्धमा भएको आमुल परिवर्तनलाई उचित तवरले छानबिन गर्नु आवश्यक भएको छ । यसरी नयां उत्पादक शक्तिकोरुपमा विज्ञान-प्रविधिको विकास, उत्पादन क्षेत्रबाट मानव श्रमको विस्थापन, समाजको नयां संरचना र पूँजीवाद भित्रको संकटका बिचबाट नयां समाजवादको वैचारिक एबं व्यवहारिक प्रारुप बारे बहस चलाउन जरुरी छ । यसले नयां वैकल्पिक अर्थ-राजनैतिक विश्व व्यवस्थातर्फ पनि इंगित गरेको छ । तर राजनैतिक प्रणालीमा समाजवादको औचित्य समाप्त भएको छैन । बरु एउटा नयां चरित्रका साथ विकास हुनु जरुरी छ । त्यसैले राजनीति र समाज व्यवस्थामा उन्नत विचार र व्यवहारको खोजी एक्काइसौ शताब्दीको संकटग्रस्त विश्वको अपरिहार्यता भएको छ । यसको लागि राजनैतिक विचार र संस्कृतिमा वैज्ञानिकता र नविनता दुबैको आवश्यकता रहेको छ ।

समाज र वरीपरीका परिघटनाहरुलाई सत्य तथ्यहरुमा बुझ्न र परख गर्न वैज्ञानिक एबं बस्तुवादी दृष्टिकोण आवश्यक हुन्छ भने पुरानो विचार, शैली, बानी व्यवहारहरु बस्तुगत परिस्थिति र आवश्यकता अनुरुप नयाँमा रुपान्तरण गर्ने साधनकोरुपमा नव-प्रवर्तन (नविनता) रहेको हुन्छ । प्रकृति, ब्रमाण्ड एबं मानव समाजको बारेको सबैभन्दा कान्छो तर वैज्ञानीक दृष्टिकोण द्वन्दात्मक र ऐतिहासिक भौतिकवादमा आधारित रहेको मार्क्सवादले नै राजनितिमा वैज्ञानिकता र नविनता ( समृद्धिकरण) को निष्कर्ष निकालेको पाईन्छ । समाज विकासको ऐतिहासिक, व्यवहारिक एबं वैज्ञानिक ज्ञान नै मार्क्सवाद हो भन्नेमा विवाद छैन । यो विज्ञानका अन्य सबै शाखाहरु झै अनुभव, प्रयोग, ऐतिहासिक तथा हाम्रो वरिपरी (भौतिक संसार) का तथ्यहरुमाथि नै आधारित हुने भएकोले समयक्रम संगै गतिशिल रहन्छ र यसलाई समृद्ध बनाउदै लैजानु पर्ने हुन्छ । अतः मार्क्सवाद जडतामा बुझिने विज्ञान हैन नकि मार्क्सवाद पहिलेबाटै आफैमा सम्पूर्ण र शतप्रतिशत कुनै तयारी सिद्धान्त (फरमुला) नै हो । यो समाज सापेक्ष, मानिसको अुनभव सापेक्ष र समय सापेक्ष विकास एबं समृद्ध हुंदै जान्छ । समाज परिवर्तनका नियमहरु जो सार्वभौम छन् र जसले मानव जीवन तथा वस्तुहरुलाई निर्देशित गरिरहेका हुन्छन् । संसार र घटनाक्रमलाई वैज्ञानिक परखकासाथ हेर्ने यही दृष्टिकोणलाई मार्क्सवादी दर्शन (दृष्टिकोण) मान्न सकिन्छ । समाजवादीहरुले यसमा कन्जुज्याई गर्नु हुंदैन ।

अहिलेसम्मको अनुभवको कसीमा पुरानो पुंजीवाद र पुरानो राज्य नियन्त्रित कठोर चरित्रको ( तत्कालिन समाजवादी क्रान्ती पछिको) राज्य नियन्त्रित समाजवादको औचित्य सावित हुन नसकेको अवस्थामा नेपालको पूंजीवादी लोकतान्त्रिक क्रान्ति पछिको यूगमा सामाजिकीकृत व्यवस्था र व्यक्तिको न्यायपूर्ण निजत्वलाई समान महत्व दिने देशकालीन स्थानीय विशेषतायुक्त व्यापक जनसहभागीतामा आधारीत समृद्ध समाजवादलाई मुर्तिकरण गर्नु जरुरी छ । बेलाबेलामा नेपाली जनताले गरेका साहसिक र गौरवपूर्ण संर्घषहरु, ऐतिहासकि जनयुद्ध र जनआन्दोलन संगै सम्पन्न युगिन् पुँजीवादी राजनैतिक क्रान्ति पछि एउटा नयाँ संघीय लोकतान्त्रिक गणतान्त्रिक युगको शुरुवात भएको अवस्थामा पुरानो युगको राजनैतिक सोच, विचार, सस्कृति, प्रवृत्ति र व्यवहारमा नयाँपन र रुपान्तरणसहितको

नयां समाजवादी विचारको निमार्ण हुनु जरुरी छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय दुबै आयामबाट यतिखेर हामी नयाँ युगमा छौं । शास्त्रीय उदार लोकतन्त्र वा पुँजीवाद र राज्यकेन्द्रित एकदलीय ढाँचाको साम्यवाद दुबै विश्वव्यापी रुपमा असफल भएका छन् । नेपालमा विद्यमान राजनीतिक दलहरू पुरानै विचार र अभ्यासबाट ग्रसित छन् । तिनीहरूमा नयाँ युगको नेतृत्व गर्ने सही विचार, योजना, कार्यक्रम र दृढता छैन । अहिले नेपाली जनताको अग्रगामी चेतना र पुराना पार्टीहरूको यथास्थितिवादी सोच बीच तीव्र अन्तर्विरोध पैदा भएको छ । त्यो अन्तर्विरोध देशको शासनसत्तामा अभिव्यक्त भएको छ र चौतर्फी संकटहरु गहिरिदै गएका छन् । यो संकट हल गर्न र नयाँ युगको नेतृत्व गर्न वैज्ञानिक विचार, दृष्टिकोण सहितको समाजवादको नयां बहस जरुरी भएको छ ।

## ३. नेपाली राजनीतिका बांकी कार्यभार

जनताको लामो कठोर संघर्षका फलस्वरुप प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था कार्यान्वयको प्रारम्भिक चरण मै दुर्भाग्यपूर्णरुपमा गहिरो संकटको भुंमरीमा फस्न पुगेको छ । व्यवस्था परिवर्तन भएतापनि अवस्था परिवर्तन हुन सकेको छैन । राजनीतिको मुख्य उद्धेश्य समाज र राज्यमा विद्यमान समकालीन अन्तर्विरोधलाई चिन्नु र त्यसको समाधन गर्नु हो । नेपाली समाजमा विद्यमान बिभिन्न अन्तर्विरोधहरु जस्तो पिछडिएको आर्थिक आधार र विकसित राजनीतिक उपरिसंरचनाबीचको अन्तर्विरोध, औपचारिक लोकतन्त्र र वास्तविक लोकतन्त्र बीचको अन्तर्विरोध, भूराजनीतिक जटीलता, भूमण्डलीकरण र राष्ट्रिय हित बीचको अन्तर्विरोध, सुशासित राज्य/सफा राजनीतिको अपेक्षा र भ्रष्ट राज्ययन्त्र/राजनीतिबीचको अन्तर्विरोध, वैचारिक जडता र बद्लिएको वस्तुगत परिस्थिति/राजनीतिक चेतना बीचको अन्तर्विरोध, विज्ञान प्रविधिको विकास र पर्यावरणीय विनाश बिचको अन्तरबिरोध जस्ता बिभिन्न अन्तर्विरोधहरु जस्ता अन्तर्विरोधहरुलाई समाजवादी कार्यकम मार्फत् समाधान गरेर मात्र वास्तविक लोकतान्त्रिक, समावेशी, समृद्ध, सुखी र खुशी नेपाल स्थापना गर्न सकिन्छ ।

वर्तमान अवस्थामा प्रतिगमन उन्मुख तानाबानाहरुलाई निष्तेज पारी अहिले सम्मका संर्घषहरुको उपलब्धिहरुलाई जोगाई नेपाली राजनितिको समृद्ध समाजवादतर्फको यात्रालाई सुनिश्चित बनाउनु नै सम्पूर्ण प्रगतिशिल तथा अग्रगमनकारी राजनैतिक शक्तिहरुको तत्कालिन कार्यभार हुन आउंछ । यस प्रकृयालाई शशक्त बनाउननेपाली राजनीति अब नयां ध्रुविकरणको प्रक्रियामा प्रवेश गर्नु पर्दछ । जसको ध्येय समाजवादी कान्ती नै हो । तर समाजवाद पुरानै शब्दावली हो साथै व्यवहारमा यो बदनाम र असफल पनि बनाईको छ । २१ शताब्दीसम्म आईपुग्दा बदलिएको सामाजिक संरचना, वर्ग चरित्रको स्वरुप र समाजका अन्तरविरोधहरुलाई सही ढंगले निर्क्यौल गरी समाजवादी दर्शनलाई नयां प्रकारले समृद्ध गर्दै जनकेन्द्रित राजनैतिक शासन व्यवस्थाको स्वरुप विकास गरिनु जरुरी छ । यस पृष्ठभूमीमा नयाँ ध्रुविकरण अभियान एउटा अग्रगामी सोच सहितको नेपाली विशेषतामा

आधारीत समाजवाद प्राप्तीको अभियान भएको हुँदा यो अभियानमा सबै अग्रगामी एवं प्रगतिशिल शक्तिहरुको ध्रुविकरणको प्रकियाको रुपमा अघि बढनु पर्छ । समाजवाद प्रति सर्मपीत राजनैतिक शक्ति नै अग्रगामी र प्रगतिशिल हुने भएकोले यस्तो शक्तिले नेपालको राजनितिमा नयाँ समाजवादी केन्द्रको निमार्ण गदै ठूलो बहसको माध्यमबाट नयाँ चारित्र सहितको समाजवादी अभियानको प्रारुप तय गर्नुपर्ने सही समय आएको छ । त्यसैले अग्रगामी चेत सहितको नेपाली विशेषतामा आधारीत समृद्ध समाजवाद प्राप्तीको अर्थ-राजनैतिक ध्रुविकरण सहितको बृहत राजनैतिक अभियान संचालन गर्नु पर्दछ । अनिमात्र रुपान्तरण सहितको अग्रगामी राजनैतिक शक्तिको आवश्यकता पुर्ति हुन्छ । *नयाँ राजनैतिक विचार, दृष्टिकोण, कार्यदिशा, संगठनात्मक सिद्धान्त, नेतृत्व प्रणाली र आर्थिक समृद्धि उन्मुख नयाँ शैली/संस्कृति सहितको राजनैतिक शक्ति निमार्ण गर्नु यसको पूर्वशर्त हुनु पर्दछ । खासगरी विचारमा नयां बहस र संगठनात्मक सिद्धान्तमा व्यापक सुधार र रुपान्तरण जरुरी छ । संगठनात्मक सिद्धान्तमा विशेष गरी पार्टी शक्तिको स्रोतकोरुपमा सदस्यहरुको सार्वभौमसत्ताको प्रयोग, पार्टी संगठनमा समावेशी, समानुपातिक र सहभागितामूलक प्रतिनिधित्व, पार्टी भित्र समावेशी र सामुहिक नेतृत्व प्रणाली, पार्टी भित्रका निर्वाचनमा पदको मतदान गोप्य र विचारको मतदान खुल्ला, बहुमतको कार्यान्वयन र अल्पमतको सम्मान, शक्तिपृथक्कीकरणको प्रयोग, राजकीय मनोनयनकालागि निर्वाचन, एक व्यक्ति, एक पद, दुई कार्यकाल, स्वायत्त कमिटी, सुशासन कायम र भ्रष्टाचारमा शून्य सहनशीलता, सामाजिक विभेद र अपराध विरुद्ध शून्य सहनशीलता आदि जस्ता आधुनिक संगठनात्मक नव-प्रवर्तनको प्रयोगले राजनीतिक संगठनलाई अझ बढी समृद्ध र युग अनुरुप बनाउन सहयोग पुग्दछ ।*

त्यसैले विचार र संगठनात्मक सिद्धान्तमा नयाँ भएको समाजवादी वैचारिक ध्रुव र सशक्त राजनीति शक्ति निर्माण यतिखेरको मुख्य राजनीतिक कार्यभार हो । यस महान कार्यमा सबै प्रगतिशिल एवं अग्रगमनकारी शक्तिहरुको सार्थक योगदान जरुरी हुने भएको हुंदा दृढ इच्छाशक्ति भएको नयाँ राजनीतिक शक्ति अपरिहार्य आवश्यकता बनेको छ ।

## ४. नेपाल सुहाउँदो समाजवादको आवश्यकता

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त र क्षेत्रीय विविधतायुक्त मुलुक हो । नेपालको सन्दर्भमा नयाँ संविधानले समाजवादको व्यावहारिक कार्यान्वयनको ढोका खोलेको छ । थुप्रै सुधारको गुन्जायस रहंदा रहंदै पनि नेपाली जनताको अदम्य, साहसिक र गौरवपूर्ण संघर्षको समग्र परिणामका रुपमा आएको नेपालको संविधान (२०७२) ले मुलुकको आर्थिक विकासको सैद्धान्तिक आधार प्रस्तुत गरेको छ भनें लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद प्रति प्रतिवद्ध रही समृद्ध राष्ट्र निमार्ण गर्ने प्रतिवद्धता व्यक्त गरिएको छ । दिगो शान्ति, सुशासन, विकास समृद्धिको आकांक्षा पूरा गर्ने अठोट पनि संविधानले लिएको छ । तथापि यो

संविधान अधुरो र त्रुटीपूर्ण छ, कतिपय मुद्धाहरुमा यसले सर्वस्विकार्यता प्राप्त गर्न सकेको छैन । संविधानले ठीक प्रकारको शासकीय प्रणाली र उत्पीडित राष्ट्रियताहरुको भावना अनुरुप प्रदेश रचना गर्न सकेको छैन । तसर्थ, आधारभूत लोकतन्त्रको स्थापना भएपनि लोकतान्त्रिक आन्दोलनका केही महत्वपूर्ण कार्यभार बाँकी नै छन् । जनसंघर्षको विकास र संविधान संशोधन मार्फत् यी कार्यभार पूरा गरी देशलाई आर्थिक विकास र समृद्धिको युगमा प्रवेश गराउनु आजको मुख्य राजनीतिक कार्यदिशा बनेको छ ।

संविधानले निर्देशक सिद्धान्त मार्फत् तीनवटा प्रमुख उदेश्य अभिव्यक्त गरेको छ । पहिलो संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढ गर्ने राजनैतिक उदेश्य, दोस्रो राष्ट्रिय एकता सुदृढ गर्ने सामाजिक एबं सांस्कृतिक उदेश्य र तेस्रो सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत् उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरुको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निमार्ण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने आर्थिक उदेश्यमा संविधानले जोड दिएको छ । यसका साथै शिक्षा, रोजगारी, श्रम, स्वास्थ्य, खाद्य र आवास सम्बन्धी जनताका मौलिक हक जस्ता बिषयमा संविधानले गरेको व्यवस्था महत्वपूर्ण मान्न सकिन्छ । यी सबै उदेश्य हरुको कार्यान्वयनका लागि राजनैतिक नेतृत्वमा अहिले भन्दा उन्नत प्रकारको स्पष्ट वैज्ञानिक अर्थ-राजनैतिक सोच एबं व्यवस्थापकिय क्षमताको आवश्यकता पर्दछ ।

विगतमा केन्द्रीकृत र एकात्मक राज्य सत्ताको संरक्षणमा हुर्किएको सामन्ती समाजको बनावट, विकासमा विभेदता र ठूलो मात्रामा रहेको भौगोलिक विविधता (तराई, पहाड, हिमाल) र प्राकृतिक कठिनाईले नेपालको विकासको सामाजिकीकरण प्रक्रियालाई अवरुद्ध पारेको मान्न सकिन्छ । त्यसैले अहिलेको कार्यभार भनेको उन्नत प्रकारको संघीय संरचनामा राष्ट्रिय औद्यौगीक पूँजीवादको विकास गर्दै जनसहभागितामूलक समृद्ध समाजवादतर्फ उन्मुख रहने खालको मौलिक अर्थब्यवस्थाको सुत्रपात गर्नु नै हो । मार्क्सवादी राजनैतिक अर्थशास्त्रले समाजवादबारे दुई कुरातर्फ इंगित गर्ने गर्दछ । पहिलो समाजको आर्थिक मुलधार उत्पादन सम्वन्धको सिद्धान्तको छानविन एबं निरुपण गर्नु । हरेक आर्थिक तथा उत्पादन व्यवस्थामा जबरजस्ती हैन, बरु उदाहरण पेश गदै सामाजिक सर्बस्वीकार्यता प्रदान गरेर परिवर्तन ल्याउन सकिन्छ । यसलाई नै समाजवादी समाजको निर्माणमा मार्क्सवादी दृष्टिकोणको मूल आधार मान्न सकिन्छ किनभने नयाँ समाज बनाउने प्रक्रिया एक आर्थिक एबं सामाजिक प्रक्रिया पनि हो । त्यसैले यो सधै बल प्रयोगमा मात्र निर्भर गर्दैन । दोस्रो आर्थिक विकास एबं योजनाको मोडेल यसरी तय गर्नु पर्छ कि जस अर्न्तगत् योजनाको एक सुसंगत प्रणालीलाई विकेन्द्रीकृत

व्यवस्थापन एबं समाजको स्वशासनका माध्यमद्वारा कार्यान्वयन गर्न सकिन्छ र विकास सधै जनताबाट र जनताकालागि भन्ने भावनावाट निर्देशित हुन्छ ।

नेपालको नयां संविधानमा पनि क्षेत्रीय सन्तुलन सहितको समावेशी आर्थिक विकासका लागि क्षेत्रीय विकासको योजना अन्तर्गत् दिगो सामाजिक, आर्थिक विकासका रणनीति र कार्यक्रमहरु तर्जुमा गरी समन्वयात्मक तवरले कार्यान्वयन गर्ने नीति अंगीकार गरिएको छ । त्यसैले समाज तथा अर्थतन्त्रका सबै पक्षहरु समेटी आर्थिक विकासको प्रयास गर्नु नै समावेशी आर्थिक विकासको प्रमुख ध्येय हुनु पर्दछ । जसले प्रदेश, दूरदराजका भौगोलिक क्षेत्र, लिङ्ग, जाती, आदिवासी, जनजाती, अल्पसंख्यक र तिनले अपनाउदै आएका आर्थिक, सामाजिक तथा साँस्कृतिक परिवेशहरुलाई समेत आत्मसात गर्दै विकासलाई अग्रगति प्रदान गर्न सकोस् ।

राजनैतिकरुपमा नेपाल एउटा समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य प्रणाली भएको राष्ट्रमा रुपान्तरण भएको छ । त्यसैले अहिले समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको सहअस्तित्व सहितको नयां मिश्रित प्रणाली (निजी, सामुदायिक, सहकारी र सरकारी क्षेत्र समेटिएको संन्तुलन र यस्ता क्षेत्रहरु बीचको स्वस्थ प्रतिष्प्रर्धा एबं सहकार्य) भएको समाजवादी बजार अर्थव्यवस्था (बजार समाजवाद) लाई नै नेपालको राष्ट्रिय अर्थतन्त्रको संचालन मोडेल मान्न सकिन्छ । जसको प्रमुख उदेश्य राष्ट्रिय अर्थतन्त्र (निजी, सहकारी र सरकारी क्षेत्र) को क्षमता अभिबृद्धि गर्नु, कृषि क्षेत्रको विकास, औद्यौगिक विकासको आधार तयार गर्नु र राष्ट्रिय प्रतिस्पर्धात्मक क्षमता एबं अन्तर्राष्ट्रियस्तरमा राष्ट्रको प्रतिस्पर्धी क्षमता अभिबृद्धि गर्नु हुन आउंछ ।

यसरी नेपालको संविधानले समाजवादको  क्रमिक परिवर्तन (विकासवादी) मोडेल तर्फ इंगित गरेको मान्न सकिन्छ । अहिले नै क्रान्तिकारी समाजवादको प्रयोग संभव देखिदैन । किनकि नेपालमा पूंजीवादको विकास भई समाजवादी राजनैतिक क्रान्ति अझै सम्पन्न भैसकेको छैन । त्यसैले अहिलेको आवश्यकता भनेको क्रमिक परिवर्तन (विकासवादी)  सहितको समाजवादको मोडेल नै हो । समाजवाद उन्मुख सहअस्तित्व सहितको नयां मिश्रित मोडेलले नै अहिले राष्ट्रिय अर्थतन्त्रको द्रुत्त विकासको आधार निमार्ण गर्न सक्दछ । यसलाई समाजवादको आधार निमार्ण गर्ने एकदमै प्रारम्भिक चरण मान्न सकिन्छ । जसको विशेषता संघिय विकेन्द्रित योजना प्रणाली सहितको योजनाबद्ध जनसहभागितामूलक अर्थव्यवस्था एबं परस्पर फाइदामा आधारित समाजवाद उन्मुख बजार व्यवस्था आदि पर्दछन् । यो नै क्रमिक परिवर्तनकारी समाजवादको मोडेल हुन सक्छ जो पछि सामाजिक अन्तरविरोध सापेक्ष क्रान्तिकारी समाजवादतर्फ पनि उन्मुख हुन सक्छ । यसको निर्क्योल भने नयां समाजमा उत्पन्न हुने नयां नयां अन्तरविरोधहरु जस्तैः समाज सापेक्ष वर्ग संर्घष (Class Struggle), वर्ण संर्घष (Cast Struggle) जस्तै दलित र प्रवर्ग संर्घष (Categorical Struggle) जस्तै पहिचान,

सांस्कृतिक, लिंग, आदिको छानविन एबं व्यवस्थापनले नै गर्दछ । कान्तिको बाटो चाहि खुला नै रहन्छ । समय र परिस्थिति सापेक्ष कान्तीका विधिहरु निर्वाचन मार्फत् कमिक परिवर्तन (Evolution), शसस्त्र संघर्ष, बिद्रोह र जन आन्दोलन मार्फत हुने आमुल परिवर्तन (Redical Trasformation) आदि हुन सक्छन् । समुन्नत समाजवादको लक्ष्य सडक, सदन र सरकारका मोर्चाबाट जनपक्षिय कार्य, संघर्ष र निरन्तर अभियानका माध्यमबाट प्राप्त गर्न सकिन्छ ।

निजत्व र सामुहिकता, निजी स्वामित्व र सार्वजनिक स्वामित्व, प्रतिस्पर्धा र सहकार्य, आर्थिक समानता र राजनैतिक स्वतन्त्रताबीच गचिशील सन्तुलन भएको समाज विज्ञान सम्मत राजनैतिक विचारधारालाई नै समाजवाद मान्न सकिन्छ । संसारमा धैरै प्रकारका समाजवादी आन्दोलन, विचार र सन्दर्भहरु छन् । हामीले संसारका सबै समाजवादी आन्दोलन र अभ्यासबाट शिक्षा लिनु पर्दछ तर कसैको पनि अन्धानुकरण गर्नु हुदैन । वर्तमान अवस्थामा आजको युग सुहाउंदो र नेपाली विशेषताको मुख्य पांचवटा जस्तैः दार्शनिक, राजनीतिक, अर्थशास्त्रीय, समाजशास्त्रीय र सांस्कृतिक तथा मनोवैज्ञानिक आयामहरुमा  आधारित नयां समुन्नत समाजवादको मोडेल विकास गर्नुपर्दछ । हाम्रो समाजवाद एक्काइशौं शताब्दिको विश्वचेतना र नेपाली समाजको विशिष्ठतामा निर्माण भएको मौलिक र सृजनशील समाजवादी सिद्धान्त चिन्तन सहित समावेशी/समानुपातिक/सहभागितामुलक लोकतान्त्रिक पद्धति अलबम्बन गर्दै संघवादी शासकीय प्रणाली, मूल्यमान्यता र आर्दशबाट अनुप्रेरित हुनु पर्दछ  । यस्तो समाजवादी विचारले निरपेक्ष समानताका नामका गरिबी बाँड्ने वा राज्य समाजवादी ढाँचा अपनाउँदैन । यस्तो समाजवादले समतामुलक संमृद्धि, समन्यायिक वितरण, दीगो विकास र मानवीय खुशीको प्रवर्द्धन गर्ने नीति अलबम्न गर्नु पर्दछ भनें व्यक्तिको निजत्व र सामुहकिता, निजी, राजकीय, सहकारी र सामुदायिक स्वामित्वको समन्वयात्मक विकास र गतिशील सन्तुलनमा जोड दिनु पर्दछ । यसरी व्यक्ति र समाज, सामुहिकता र निजत्व, निजी र सार्वजनिक, राज्य र नागरिक संयुक्त साझेदारी र सहभागिता सहितको शासन व्यवस्थाले नीतिले सामाजिक बजार अर्थतन्त्रको ढाँचा अपनाउनु पर्दछ ।

*(नेपाल सुहाउँदो समाजवादको ढांचा यसरी प्रस्तुत गर्न सकिन्छ । समाजमा ५ प्रतिशत धनी, ५ प्रतिशत गरिब र ९० प्रतिशत झण्डै बराबरी जस्तो मध्यम वर्गको हैसियतमा हुन सक्छन् । सबैको आ-आफ्नो घर सम्पत्ति हुन्छ । तर स्कूल, अस्पताल, खेलकूद मैदान, बगैंचा, बनजंगल आदि सार्वजनिक सम्पत्तिको रुपमा रहन्छन् र यस्ता सुविधा प्रयोगमा धनी, गरिब र मध्यम वर्ग भनेर विभेद गरिदैन । यस्ता सम्पत्तिमा सबैको समान अधिकार रहन्छ । आधारभूत सेवा र सुविधामा सबै वर्गको समान पहुंच हुन्छ र सबैले समान गुणस्तरको सार्वजनिक सेवा सुविधा प्राप्त गर्दछन् । यस्तो समाजमा बस्ने मानिसहरुले पेशा व्यवसाय छनौट राज्य वा कम्यूनको नियन्त्रणमा हैन आफ्नो*

*अनुकुलतामा गर्ने गर्दछन् । उनीहरुको कमाई पनि फरक फरक हुन्छ र कमाईमा आ-आफ्नो हक हुन्छ । तर राज्यलाई कमाई अनुसारको कर तिर्नुपर्छ । धेरै कमाउनेले धेरै कर र मध्यम आय भएकाले थोरै कर तिर्ने हो र निम्न आय भएका वर्गलाई करको दायरा भन्दा बाहिर राख्ने हो । राज्यले धनीलाई लगानी गर्न, मध्यम वर्गलाई पेशागत बन्न र निम्न वर्गलाई दक्ष जनशक्ति (श्रम) बन्न प्ररित गर्दछ । यस्तो समाजमा राजनैतिक रुपमा लोकतन्त्र (दलिय व्यवस्था) हुन्छ । यस्तो समाजवादी शासन प्रणालीमा स्वतन्त्रताको अभिव्यक्तिको रुपमा लोकतन्त्र र समाजवादको अभिव्यक्तिको रुपमा समानतालाई एक अर्काको परिपूरक मानिन्छ । यि दुई मध्ये कुनै एक रोजियो भनें त्यो समाजवाद हुदैन । लोकतन्त्रमात्र रोजियो भने त्यो त्यो उदारवाद हुन्छ । समानता मात्रै रोजियो भने त्यो साम्यवाद हुन्छ । समाजवादमा मात्र राजनैतिक स्वतन्त्रता र आधारभूत आर्थिक समानता संग संगै हुनु पर्दछ । यस्तो समाजवादलाई समानता, स्वतन्त्रता, सम्पन्नता र समावेशीताको साझा सिद्धान्त मानिने छ । यस्तो समाजवाद राजनैतिक स्वतन्त्रतामामात्र सिमित नभई आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय स्वतन्त्रताको अधिकार समेत अन्तरनिहित हुन्छन् ।)*

नेपालको सन्दर्भमा पूंजीवादी लोकतान्त्रिक राजनैतिक कान्ति पछिको कमिक परिवर्तन वा विकासवादी समाजवादको बाटोमा अघि बढ्नुपर्ने अहिलेको धरातलिय आवश्यकता भएको हुंदा अबको राजनीतिको मार्गदर्शक सिद्धान्त नयाँ 'समुन्नत समाजवाद' जो पुरानो लादिने प्रकृतिको र सम्पूर्ण रुपमा राज्य नियन्त्रित एकमनावादी समाजवाद भन्दापनि समाज केन्द्रित आर्थिक समृद्धि उन्मुख जनसहभागितामूलक समाजवाद हुनु पर्दछ र जसले तत्कालिनरुपमा राष्ट्रिय पूँजीवादी उत्पादक शक्तिको विकास गर्दै, व्यक्तिको नीजत्व, स्वतन्त्रता र समाजसंगको सहकार्यमा सन्तुलित तालमेल गर्दै वास्तविक लोकतन्त्र, अर्थतन्त्रको गतिशिल सन्तुलन, समावेशी एबं दिगो विकास, विविधताको व्यवस्थापन र विभेदको अन्त्य, निष्पक्ष राज्य, अवसरकालागि समानता, आर्थिक मानकको कसिमा सम्पन्नता सहितको समानता, मानविय खुशी सहितको समाजवादी व्यवस्थाको आधार तयार गर्ने दिशातर्फ अग्रसर रहनु पर्दछ । समुन्नत समाजवादका आधारभूत विशेषताहरूमा एक्काइशौं शताब्दिको वैश्विक चेतना र वैज्ञानिक मानवतावादी भावना सहितको पछिल्लो ज्ञानविज्ञानका अविष्कारको आधारमा संमृद्धिकरण सहितको दार्शनिक द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोण, प्रगतिशील राष्ट्रवादमा आधारित राष्ट्रिय स्वाधीनता, सङ्घीय शासन प्रणाली, समावेशी/समानुपातिक/सहभागितामूलक लोकतन्त्र, राष्ट्रिय पहिचानसहितको सङ्घीयतामा, समतामूलक समृद्धि, सुशासन र सदाचार, समानुपातिक समावेशीकरण, स्वशासन तथा स्वायत्तता, सांस्कृतिक बहुलता, सामाजिक सुरक्षा, आदि रहने छन् ।

## ५.समाजवादी राजनीतिक शक्ति निमार्णको आवश्यकता

नेपालको नयाँ संविधानले राजनैतिकरुपमा एउटा युगान्तकारी परिवर्तनलाई संस्थागत गरी नेपाली समाजको समतामूलक र प्रगतिशील सामाजिक, आर्थिक रुपान्तरणका ढोका खोलेका अवस्थामा केही संरचनागत समस्या, अक्षम राजनैतिक नेतृत्व र बाध्यकारी गठबन्धन संस्कृतिका कारण मुलुक सधैं राजनैतिक अस्थिरताको भुमरीमा फस्न पुगेको छ । प्रतिगमनकारी शक्तिहरु चल्मलाउन थालेका छन् । यस्तो अवस्थामा देशको राजनीतिक स्थायित्व, शान्ति, समृद्धिमा लागि समुन्नत समाजवादमा आधारित एउटा शसक्त समाजवादी केन्द्रको आवश्यकता छ । देशको राजनीतिमा दक्षिणपन्थी, यथास्थितिवादी शक्तिहरुको बोलबाला बढ्दै गएको वर्तमान अवस्थामा एउटा अग्रगामी, प्रगतिशील, लोकतान्त्रिक तथा समावेशी चरित्रको राजनीतिक शक्ती निमार्ण गर्नु जरुरी छ । यसकालागि मुद्दा मिल्ने पक्ष, समूह, व्यक्ति र व्यक्तित्वहरुसंग सहकार्य, एकताको एबं ध्रुबिकरणको एउटै विकल्प बांकी रहन्छ । नेपालको संविधान अर्न्तगत् वर्तमान शासकिय प्रणालीमा विभिन्न राजनैतिक शक्तिहरु मध्ये एक्लैले आवधिक निर्वाचन मार्फत् सत्ता प्राप्त गरी समाजवादी कार्यक्रमको कार्यान्वयन गर्न सक्ने अवस्था क्षिण रहेको र मुलधारमा रहेका बिभिन्न राजनैतिक दलहरुको समाजवाद कार्यान्वयन सम्बन्धमा सुस्पष्ट दृष्टिकोण र कार्यक्रम समेत बनी नसकेको अवस्थामा सम्पूर्ण प्रगतिशील अग्रगामी राजनैतिक शक्तिको एउटा साझा मोर्चाको रुपमा नयाँ समाजवादी केन्द्र निमार्णको औचित्य पुष्टी भएको छ । ताकि यस्तो समाजवादी राजनीतिक शक्तिले चुनाव अभियानका साथै साझा समाजवादी कार्यक्रमका आधारमा लामो समयसम्म सत्ता संचालन र समाजवादको आधार तयार गर्न सकोस् । सम्पूर्ण प्रगतिशिल अग्रगामी शक्तिहरुले यस आवश्यकतालाई मनन गदै सचेततापूर्वक लाग्नु पर्ने देखिएको छ । बिभिन्न संर्घषबाट प्राप्त ऐतिहासिक उपलब्धिहरुलाई जोगाउदै संघीय व्यवस्थाको कार्यान्वन र सुदृढीकरण, जनचाहना अनुरुपको विकास र आर्थिक समृद्धिसंगै जनताका मौलिक हकहरुलाई प्रत्याभूत गर्दै कार्यान्वन गर्नुपर्ने दायित्व र जिम्मेवारी पनि गुणात्मकरुपमा वैचारिक, आचरणगत एबं व्यावहारिक रुपान्तरण सहितको नयाँ अग्रगामी राजनैतिक शक्तिले मात्रै पुरा गर्न सक्दछ ।

समाजवादीकरणतर्फ उन्मुख आर्थिक क्रान्तिलाई तीव्रता दिएर विकासको समग्र आर्थिक-सामाजिक रुपान्तरणको प्रक्रियालाई अगाडि बढाउने र पूर्णता दिने दिशातर्फ उन्मुख रहने कुराहरलाई केन्द्रविन्दुमा राखी कठोर मेहनत, परिष्कृत एबं रुपान्तरित आचरण र राज्य संयन्त्रमा सुसासनका माध्यमबाट उपलव्ध साधन र स्रोतको प्रभावकारी परिचालन, सदुपयोग एबं व्यवस्थापन सुनिश्चित गर्नु नै अबको अर्थ-राजनैतिक नेतृत्वको प्रमुख दायित्व हुन आउँछ । त्यसैले नेपाली राजनीति सामु अबको एउटै उन्नत विकल्प भनेको हालसम्मका राजनैतिक उपलब्धिहरुको रक्षा र समाजवादको व्यवहारिक कार्यान्वयनकालागि वैकल्पिक एजेण्डा सहितको नयां राजनैतिक ध्रुविकरण मात्रै रहेको छ ।

अनिमात्र नेपाल सुहाउँदो नयाँ समाजवादी विचार निर्माण र समाजवाद कार्यान्वयनकालागि शशक्त राजनैतिक शक्ति निर्माण हुने प्रक्रिया पुरा हुन सक्दछ ।

यसरी नयाँ, अग्रगामी, प्रगतिशील-लोकतान्त्रिक चेतना तथा वास्तविक समाजवादी सोच भएको बलियो शक्तिविना देश अग्रगमनमा जान नसक्ने भएको हुंदा प्रगतिशिल तथा अग्रगामी राजनीतिका पक्षधरहरुले नयाँ समाजवादी ध्रुविकरण अभियानात्मकरुपमा संचालन गरी युगले सुम्पेको नयां समाजवादी विचार र आन्दोलन निमार्ण गर्ने अठोठ गर्नु जरुरी छ । यसका लागि विचार, सङ्गठन, सङ्घर्ष र नेतृत्व सबै हिसाबले नयाँ ढङ्गको, हरेक क्षेत्रमा आफ्नो अलग विकल्प र प्रस्तावना भएको राजनीतिक शक्ति चाहिन्छ । यो अभिष्ट स्वाधीनता, समावेशिता, संघीयता, सुशासन, समृद्धि र समाजवादलाई आफ्ना मूलभूत सिद्धान्तको रूपमा आतमसात गर्ने बलियो समाजवादी केन्द्रले पुरा गर्न सक्दछ ।

धन्यवाद !